जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९, स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३६ अंक ३६ २०८३ साल भदौ १२ गते शुक्रबार (28 Aug 2026 Friday) मूल्य रु. ५/-

**बाल अधिकारको संरक्षण**

**बचावटको अधिकार :**
पोषिलो खाना र स्वास्थ्योपचार पाउनु ।
**विकासको अधिकार :**
शिक्षा, खेलकुद र मनोरञ्जनको अवसर ।
**संरक्षणको अधिकार :**
हिंसा, दुर्व्यवहार र शोषणबाट सुरक्षा ।
**सहभागिताको अधिकार :**
आफ्नो हितका निर्णयमा बोल्न पाउनु ।

***Log in : rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : बाढीको कारण हिउँ-चट्टानको... ३ पृष्ठमा : भोटेकोशी बाढीः उद्धार, ... ३ पृष्ठमा :तिब्बतमा बाढीपछि ५५८ ...

# रसुवामा आएको बाढीका कारण एकै परिवारका तीन दाजुभाई र आमा छोरासहित सप्तरीका ३२ जना सम्पर्कबिहीन

*तस्बिरहरु : सामाजिक संजालबाट*


देवकुमार यादव


सचित यादव


शिवकुमार यादव


अनुशा चौधरी


राजीव कुमार सिंह


अभिनाश पण्डित


बिजय कुमार यादव


सरोज चौधरी


रोशन साह


दिलिप कुमार मण्डल


अजय कुमार यादव


मनिष कुमार मण्डल

**दैनिक समाचारदाता**
**राजविराज, ११ भदौ ।**

बुधबार बिहान रसुवामा आएको बाढीका कारण सप्तरीका ३२ जना सम्पर्कबिहीन भएका छन् ।

जिल्लाको बोदेबरसाईन नगरपालिकाका एकै परिवारका तीन दाजुभाई तथा खडक नगरपालिका आमा छोरासहित हालसम्म ३२ जना सम्पर्क बिहीन भएको विभिन्न श्रोतबाट जानकारी प्राप्त भएको छ ।

जिल्लाको बोदेबरसाईन नगरपालिका वडा नं. ८ काचनटोल निवासी ३१ वर्षीय देबकुमार यादव, ३५ वर्षीय शिवकुमार यादव र २५ वर्षीय सचित यादव बिहानै देखि सम्पर्क बिहीन भएको परिवारजनले बताएका छन् ।

रसुवास्थित हाइड्रो पावरमा देवकुमार इन्जिनियर, सचित ओभरसियर र शिवकुमार सुपरभाईजरको रुपमा काम गर्दै आएको उनका बुवा लाल बहादुर यादवले जानकारी दिए ।

यस्तै खडक नगरपालिका वडा नं. ७ का दुर्गा रामका २० वर्षिया श्रमिति सुनिता राम र ४ वर्षिय छोरा जिवछ राम समेत सम्पर्कबिहीन भएको जिल्ला प्रशासन कार्यालय सप्तरीका सहायक प्रमुख जिल्ला अधिकारी नरेश कुमार यादवले जानकारी दिएका छन् ।

सोही पालिकाको वडा नं. ८ ढोलबज्जा निवासी अनिल कुमार चौधरी, वडा नं. १० का सुरज मण्डल, शिवकुमार पासवान, राज पासवान र हेम नारायण साह पनि सम्पर्कबिहीन रहेको उनीहरुको आफन्त र साथीभाईले सामाजिक संजालमार्फत जानकारी गराएका छन् ।

यस्तै जिल्लाको तिलाठी कोइलाडी गाउँपालिका वडा नं. २ लौनिया निवासी दिलिप कुमार मण्डल, मनिष कुमार मण्डल र रसुवा युटिए३ए पावरहाउसमा कार्यरत सोही पालिका वडा नं. ४ का संजय साह समेत सम्पर्कबिहीन रहेको तिलाठी कोइलाडी गाउँपालिका वडा नं. २ अध्यक्ष कमल मण्डलले जानकारी दिएका छन् ।

यसैगरि जिल्लाकै विष्णुपुर गाउँपालिका १ का इन्जिनियर अजय कुमार यादव पनि सम्पर्कबिहिन रहेका छन् । रसुवाको उत्तरगया गाउँपालिका ५ स्थित निलकन्ठ माध्यमिक विद्यालय बोगटीटारमा इन्जिनियर पदमा कार्यरत थिए ।

जिल्लाकै कंचनरुप नगरपालिका वडा नं. ८ निवासी हाल जिप्रका रसुवामा कार्यरत प्रहरी कार्यालय सहायक २४ वर्षिय अजय मल्लिक सम्पर्कबिहीन रहेको सप्तरीका सहायक प्रमुख जिल्ला अधिकारी यादवले बताए ।

यस्तै सोही नगरपालिकाकी एपिएफमा कार्यरत कंचनपुर निवासी अनुशा चौधरी र वडा नं. ३ अमरकान्त चौधरी समेत सम्पर्कबिहीन रहेको सामाजिक संजालमार्फत आफन्तहरुले जानकारी दिएका छन् ।

यस्तै अपर त्रिशुली १ हाइड्रोपावरमा सवइन्जिनियर

*बाँकी अन्तिम पृष्ठमा*

## रसुवामा आएको बाढीका कारण सप्तरी जिल्लाका सम्पर्कबिहीन व्यक्तिको नाम

**बोदेबरसाईन**
वडा नं. ८ निवासी देवकुमार यादव, शिवकुमार यादव र सचित यादव (तीनै जना दाजुभाई)
**खडक**
वडा नं. ७ का दुर्गा रामका २० वर्षिया श्रमिती सुनिता राम र ४ वर्षिय छोरा जिवछ राम
वडा नं. ८ ढोलबज्जा निवासी अनिल कुमार चौधरी
वडा नं. १० का सुरज मण्डल, शिवकुमार पासवान, राज पासवान र हेम नारायण साह
**विष्णुपुर**
वडा नं. १ का इन्जिनियर अजय कुमार यादव
**तिलाठी कोइलाडी**
वडा नं. २ लौनिया निवासी दिलिप कुमार मण्डल, मनिष कुमार मण्डल
वडा नं. ४ संजय साह रसुवा युटिए३ए पावरहाउसमा कार्यरत
**कंचनरुप नगरपालिका**
वडा नं. ८ निवासी हाल जिप्रका रसुवामा कार्यरत प्रहरी कार्यालय सहायक २४ वर्षिय अजय मल्लिक
एपिएफमा कार्यरत कंचनपुर निवासी अनुशा चौधरी
वडा नं. ३ अमरकान्त चौधरी
**राजगढ**
वडा नं. २ निवासी राजीव कुमार सिंह अपर त्रिशुली १ हाइड्रोपावरमा सवइन्जिनियर पदमा कार्यरत
वडा नं. ६ निवासी बिजय कुमार यादव अपर त्रिशुली १ हाइड्रोपावरमा इन्जिनियर पदमा कार्यरत
वडा नं. ६ सन्तोष यादव अपर त्रिशुली १ हाइड्रोपावरमा क्युसि इन्जिनियरमा
**डाक्नेश्वरी**
वडा नं. ५ निवासी अभिनाश पण्डित रसुवा गोसन हाइड्रोपावरमा क्युसि इन्जिनियरमा
**राजविराज**
वडा नं. ११ रोशन साह
**शम्भुनाथ**
वडा नं. ८ साजन चौधरी, अमरकान्त चौधरी
वडा नं. ६ ओम प्रकाश चौधरी, सहायक इन्जिनियर
वडा नं. ४ प्रेम सागर चौधरी, इलेक्ट्रिसियन र पिताम्बर दास
वडा नं. ३ रमेश चौधरी, दिपेन्द्र चौधरी
**महादेवा**
वडा नं. २ का २८ वर्षिय देवकुमार इसर
**तिरहुत**
वडा नं. ४ डिमन बस्ने ४४ वर्षिय रबिन्द्र कुमार यादव त्रिशुली बजारस्थित जेसि हाइड्रोपावरमा इन्जिनियर पदमा कार्यरत
**सुरुङ्गा**
वडा नं. २ सरोज चौधरी २३ वर्षिय इलेक्ट्रिकल इन्जिनयर, मैलुङ खोला जलविद्युत आयोजनामा

*नोट :* माथि उल्लेखीत नाम, ठेगाना तथा कार्यरत कम्पनी लगायतका तथ्याङ्करु जिल्ला प्रशासन कार्यालय सप्तरी, सामाजिक संजालमा आफन्त र साथीभाईहरुको पोष्ट, विभिन्न पालिका प्रमुख, वडाअध्यक्ष लगायतबाट जानकारी लिइएको हो ।

## तिलाठीका पाँच जना परिवारको सम्पर्कमा आए, तीन जना अझै सम्पर्कबिहीन

**दैनिक समाचारदाता**
**राजविराज, ११ भदौ ।**

बुधबार बिहान भोटेकोशी, त्रिशूली र नारायणी नदीमा आएको विनाशकारी बाढीका कारण सम्पर्कबिहीन रहेका मध्येबाट सप्तरीको तिलाठी कोइलाडी गाउँपालिकाका पाँच जना परिवारको सम्पर्कमा आएका छन् भने तीन जना अझै सम्पर्कबिहीन छन् ।

सो पालिका वडा नं. २ लौनियाका प्रेमकुमार मण्डल, रामकृष्ण मण्डल, नवलकुमार मण्डल र जितेन्द्र कुमार मण्डल तथा वडा नं. ६ का अशोक कुमार मण्डल परिवारको सम्पर्कमा आएको गाउँपालिकाका विपद सम्पर्क व्यक्ति राजेश कुमार झाले जानकारी दिएका छन् ।

यस्तै वडा नं. २ लौनियाका दिलिपकुमार मण्डल र मनिषकुमार मण्डल तथा वडा नं. ४ कोइलाडीका संजय साह अझै सम्पर्कबिहिन रहेको परिवारजनले जनाएका छन् ।

कामको लागि प्रभावित क्षेत्रहरुमा गएका तथा हाल सम्म आफ्नो परिवार वा आफन्तको सम्पर्कमा आउन नसकेका व्यक्तिहरुको बारेमा जानकारी प्राप्त गर्न आवश्यक भएकोले त्यस्ता व्यक्तिका परिवारजन तथा आफन्तहरुले यस गाउँपालिकामा सम्पर्क गरी आवश्यक जानकारी उपलब्ध गराईदिनु गाउँपालिकाले सूचना जारी गरी अनुरोध गरेको समेत विपद सम्पर्क व्यक्ति झाले जानकारी दिए ।

*बाँकी अन्तिम पृष्ठमा*

## सम्पादकीय

### सडक दुर्घटना बढ्दो

प्रत्येक दिन दर्जनौं मानिसले सडकमा ज्यान गुमाउनु परेको तथ्याङ्कले देखाएको छ। सडक दुर्घटनामा मृत्यु हुनुका प्रमुख कारणहरू लापरबाहीपूर्ण चालकको व्यवहार, गति नियन्त्रण नगरी गाडी हाँक्ने जस्ता छन्। यसबाहेक मदिरा सेवन गरेर सवारी चलाउने वा मोबाइल प्रयोग गर्ने जस्ता गतिविधि पनि सवारी दुर्घटनाको मुख्य कारण हुन्। यस्तै सडकको दयनीय अवस्था, सडकमा खाल्डाखुल्डी, अत्यधिक भीडभाड र अतिक्रमणका कारण दुर्घटनाको सम्भावना बढ्को छ।

सवारी साधनको प्राविधिक जाँचमा कमी, धेरै गाडीहरू पुराना, जीर्ण वा नियमित मर्मत नगरी सडकमा चलाइने कारण पनि दुर्घटना हुने मध्येका एक हो। यातायात नियम पालना नगर्ने प्रवृत्ति, यात्रुहरू सडक क्रस गर्दा लापरबाही, चालकहरूले ओभरलोड वा ओभरटेक गर्ने जस्ता प्रवृत्तिले दुर्घटना निम्त्याउछ। पछिल्ला केही वर्षहरूमा मुलुकमा सडक दुर्घटनाबाट मृत्यु हुनेको दर निकै भयावह छ। सरकारी निकायको कमजोर नियमन र ट्राफिक व्यवस्थापनमा लापरबाहीले पनि दुर्घटना हुनुको कारण हुन सक्छ।

तसर्थ सडक दुर्घटनामा मृत्यु हुनुका कारण केवल भाग्य वा संयोग नभई संरचनागत समस्या, नियमनको कमी र सचेतनाको अभावलाई न्युनिकरण गरेर चालक, यात्रु र सम्पूर्ण सरोकारवाला निकाय गम्भिर हुनु आवश्यक छ।

### बाढी/पहिरोबाट सतर्क रहौं ।

- गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं ।
- जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं ।
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।
- भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।
- भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं । भु–क्षयबाट बचौं र बचाऔं ।

**जनहीतका लागि : राजविराज दैनिक**

# बाढीको कारण हिउँ-चट्टानको हिमपहिरो, तल्लो तटीय क्षेत्रमा सजगता अपनाउन आग्रह

**भीष्मराज ओझा**

काठमाडौँ, ११ भदौ (रासस)।

रसुवामा बुधबार बिहान आएको भीषण आकस्मिक बाढीले ठूलो जनधनको क्षति पुर्‍याएको छ। भोटेकोशी र त्रिशूली नदी प्रणाली हुँदै पानी, गेग्रान र ठूला ढुङ्गासहितको शक्तिशाली बाढी बगेपछि तल्लो तटीय क्षेत्रमा थप असर पर्न सक्ने भन्दै विज्ञहरूले सजगता अपनाउन आग्रह गरेका छन्।

बुधबार बिहान करिब ९:०० बजे भोटेकोशी जलाधार क्षेत्रमा पानीको सतह तीव्र रूपमा बढ्न थालेको थियो। बाढीले रसुवा, नुवाकोट र धादिङमा ठूलो क्षति पुर्‍याएको छ।

अन्तरराष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड) तथा नेपाल र चीनका साझेदार संस्थाका वैज्ञानिकले यो बाढी उच्च हिमाली क्षेत्रमा उत्पन्न हिउँ-चट्टानको हिमपहिरो (आइस-रक एभालान्च) का कारण आएको हुन सक्ने विषयमा अनुसन्धान गरिरहेका छन्।

भिडियो फुटेज तथा प्रभावित क्षेत्रबाट प्राप्त सूचनाका आधारमा गरिएको प्रारम्भिक मूल्याङ्कनअनुसार ठूलो परिमाणमा हिउँ र चट्टानको गेग्रान भोटेकोशी नदीको सहायक नदी ल्हेन्दे खोलामा खसेको हुन सक्छ। अनुसन्धानकर्ताका अनुसार उक्त घटनाले अचानक ठूलो बहाव सिर्जना गरेको हुन सक्छ, जसले पानी, गेग्रान र ठूला ढुङ्गाहरूलाई तल्लो तटतर्फ बगाएको थियो।

जलविज्ञानसम्बन्धी अवलोकनले बाढीको बहावको गति र परिमाण असाधारण रहेको देखाएको छ। गल्छीमा त्रिशूली नदीको पानीको सतह ३० मिनेटमा नौ मिटरसम्म बढेको तथा मलेखुमा सोही अवधिमा सात मिटरले बढेको बताइएको छ।

त्रिशूली नदीको किनारमा रहेका धेरै पानी मापन केन्द्र बाढीका क्रममा क्षतिग्रस्त वा बगाएको बताइएको छ। यद्यपि, गल्छीको पानी मापन केन्द्र भने सञ्चालनमै रहेको इसिमोडले जनाएको छ।

विशेषज्ञले गेग्रानले नदीको साँघुरो भागमा अस्थायी रूपमा नदी थुनेर पहिरो बाँध (ल्यान्डस्लाइड ड्याम) बनाएको थियो कि थिएन भन्ने विषयमा पनि मूल्याङ्कन गरिरहेका छन्। यस्तो अवरोधका कारण जम्मा भएको पानी अचानक बाहिर निस्किएमा दोस्रो चरणको जोखिम उत्पन्न हुन सक्छ। सम्भावित अवरोधको आकार, स्थान र स्थायित्वबारे अधिकारी तथा वैज्ञानिकहरूले निरन्तर मूल्याङ्कन गरिरहेका छन्।

विपद्को समयमा 'रेकर्ड' गरिएका भूकम्पीय तथ्याङ्कको प्रारम्भिक विश्लेषणले असामान्य सङ्केत पहिचान गरेको छ। प्रभावित क्षेत्रबाट उत्तरतर्फ करिब १२ किलोमिटर टाढा जिलुङमा रहेको भूकम्पमापन केन्द्रले असामान्य सङ्केत रेकर्ड गरेको थियो भने झाङ्मुस्थित अर्को केन्द्रले पनि असमान्य गतिविधि रेकर्ड गरेको थियो।

वैज्ञानिकहरूले ती सङ्केत सम्भावित हिमपहिरोसँग सम्बन्धित छन् कि छैनन् भन्ने अध्ययन गरिरहेका छन्। हालसम्म भूकम्पीय गतिविधि र बाढीबीच कुनै कारणात्मक सम्बन्ध स्थापित भएको छैन।

इसिमोडका जलवायु तथा वातावरणीय जोखिम प्रमुख स्याङ्गोङ झाङले गत वर्षको रसुवा बाढीबाट ध्वस्त भएको यही क्षेत्र फेरि एकपटक जोखिममा परेको बताउँदै ल्हेन्दे खोलामा आएको बाढीको सम्भावित कारण हिमपहिरो भएको उल्लेख गर्नुभयो।

"नेपाल-चीन सीमास्थित नदीको माथिल्लो क्षेत्रमा अझै अवरोध कायम रहेकाले अधिकारीहरूले दोस्रो बाढी आउन सक्ने चेतावनी दिएका छन् र जिलुङ बन्दरगाह सुरक्षित स्थानमा सार्ने आदेश अहिले नै जारी गरिएको छ," उहाँले भन्नुभयो।

बाढीका कारण प्रभावित क्षेत्रमा जलविज्ञान मापन केन्द्रलगायतका पूर्वाधारमा ठूलो क्षति पुगेको बताइएको छ। भोटेकोशी नदी तथा यससँग जोडिएका नदी प्रणालीका किनारमा धेरै जलविद्युत् आयोजना छन्।

**सीमापार विपद् जोखिमको सामना गर्न क्षेत्रीय सहकार्य आवश्यक**

इसिमोडका वरिष्ठ 'क्रायोस्फियर विशेषज्ञ' (हिमनदी, हिउँको अवस्था, जलवायु परिवर्तनको प्रभाव र हिमताल फुट्ने जस्ता जोखिमको अध्ययन गर्ने वैज्ञानिक) मोहम्मद फारुक आजमले क्रायोस्फियरसँग सम्बन्धित जोखिमको बढ्दो आवृत्ति पहिलेभन्दा स्पष्ट रूपमा देखिन थालेको बताउनुभयो।

"परिवर्तनको गति यति तीव्र छ कि विद्यमान प्रयासहरू त्यससँग जुध्न कठिनाइमा परिरहेका छन्। आज ल्हेन्दे खोलामा भएको विपद्ले सीमापार जोखिमको सामना गर्न अझ बलियो क्षेत्रीय सहकार्य आवश्यक रहेको देखाएको छ। सीमापार जोखिमको प्रतिकार्यका लागि सरकारले समन्वयात्मक रूपमा काम गर्नुपर्छ," उहाँले भन्नुभयो।

इसिमोडका विज्ञले घटनाको कारण र तल्लो तटीय समुदायमा जारी जोखिमलाई अझ राम्रोसँग बुझ्न जलविज्ञान, भूकम्पीय, रिमोट सेन्सिङ तथा स्थलगत तथ्याङ्कको विश्लेषण जारी राखेको जनाएका छन्। इसिमोडले नेपाल सरकार, वैज्ञानिक संस्थाहरू तथा चीनका साझेदारसँग मूल्याङ्कनको काम जारी रहँदा नजिकबाट सम्पर्क र समन्वय गरिरहेको जनाएको छ।

इसिमोडका महानिर्देशक पेमा ग्याम्त्सोले अचानक र अप्रत्याशित रूपमा आएको दुःखद विपद्बाट मर्माहत भएको उल्लेख गर्दै यो कठिन समयमा नेपालका जनता र सरकारप्रति ऐक्यबद्धता व्यक्त गर्नुभयो। साथै उहाँले पीडित तथा उनीहरूका परिवार र प्रभावित सबैप्रति समवेदना प्रकट गर्दै सम्भव भएसम्म सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

वैज्ञानिकहरूले हिन्दूकुश हिमालय क्षेत्रमा जलवायु परिवर्तनका कारण हिमनदी, हिउँको अवस्था, पर्माफ्रस्ट (स्थायी रूपमा जमेको भू-सतह) तथा हिमाली भिरालो भूभागमा परिवर्तन भइरहेको भए पनि यस विशेष घटनामा जलवायु परिवर्तनको भूमिका के थियो भन्ने निर्धारण गर्न अहिले नै हतार हुने बताएका छन्।

# सर्वदलीय बैठकः उद्धार र राहतमा राजनीतिक प्रतिस्पर्धाभन्दा सहकार्यलाई ध्यानमा दिइने

काठमाडौँ, ११ भदौ (रासस)।

भोटेकोशी बाढीबाट भएको क्षति, खोजी तथा उद्धार, राहत र पुनःस्थापनाका विषयम राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेको आह्वानमा बिहीबार सिंहदरबारमा बसेको बैठकले उद्धार र राहत कार्यमा खटिँदा राजनीतिक प्रतिस्पर्धाभन्दा सहकार्यको भावनालाई प्रोत्साहित गर्न आह्वान गरेको छ।

बिहीबार सिंहदरबारमा बसेको सर्वदलीय बैठकले भोटेकोशीलगायत नदी बेसिनमा आएको बाढीका कारण रसुवा, नुवाकोट, धादिङ, गोरखा, चितवन, नवलपरासीसहित जिल्लामा पर्न गएको मानवीय र भौतिक संरचनाको विनाशप्रति गहिरो शोक व्यक्त गर्दै सबै सक्रिय भएर उद्धार र राहतमा खटिन आह्वान गरेको छ।

सर्वदलीय बैठकले विपद् व्यवस्थापनमा आ-आफ्नो क्षेत्रबाट सक्दो सहयोग गर्न सबै राजनीतिक दल, तीनका सङ्घ, सङ्गठन र सदस्यलाई आह्वान गर्दै विपद्का समयमा गरिने सहयोग सस्तो लोकप्रियता वा राजनीतिक स्वार्थपूर्तिको माध्यम बन्नु हुँदैन भन्नेमा सम्पूर्ण दलहरू स्पष्ट हुनुपर्नेमा जोड दिएको छ।

सर्वदलीय बैठकले विपद् व्यवस्थापनमा हुने आर्थिक सङ्कलन पारदर्शी र व्यवस्थित गराउँदै सम्पूर्ण पार्टी पङ्क्ति, स्वदेश तथा विदेशमा रहेका नागरिक र शुभचिन्तकलाई नेपाल सरकारको आधिकारिक 'प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष' वा सरकारले तोकेको आधिकारिक खातामा मात्र आर्थिक सहयोग जम्मा गर्न विशेष आह्वान गरेको छ।

यसैगरी, सामाजिक सञ्जालको विवेकसम्मत प्रयोग र संवेदनशील सूचना प्रवाह गर्न आह्वान गरिएको छ।

बैठकले विपद्को संवेदनशील घडीमा सामाजिक सञ्जालमा फैलिनसक्ने भ्रामक सूचना र अतिरञ्जित दृश्यले समाजमा मनोवैज्ञानिक त्रास सिर्जना गर्नुका साथै प्रभावितको गोपनीयता र आत्मसम्मानमा चोट पुऱ्याउने भएकाले पनि आधिकारिक निकायबाट प्रमाणित सूचना मात्र सम्प्रेषण गर्न र सामाजिक सञ्जालको संयमित, विवेकसम्मत र उत्तरदायी प्रयोग गर्न सम्पूर्ण नागरिक तथा सञ्चारमाध्यमलाई अनुरोध गरेको छ।

बैठकले हिमतालको वैज्ञानिक अध्ययन र सीमापार संयुक्त पहल गर्ने विषयमा जोड दिएको छ। नेपालभित्रका जोखिमपूर्ण हिमतालको विस्तृत वैज्ञानिक अध्ययन र नक्साङ्कन अविलम्ब सुरु गर्न सरकारसँग माग गरेको छ।

सीमापार (चीनतर्फ) रहेका हिमतालको जोखिम आँकलन र न्यूनीकरणका लागि मित्रराष्ट्र चीनसँग तत्काल उच्चस्तरीय कूटनीतिक पहल गरी वैज्ञानिक तथा प्राविधिक अध्ययन संयन्त्र गठन गर्न सरकारको गम्भीर ध्यानाकर्षण गराइएको छ।

विपद् कूटनीति र पूर्वसूचना प्रणालीमा समन्वय गरेर तल्लो तटीय क्षेत्रका नागरिकलाई सुरक्षित गर्न सकिने गरी प्रविधिमैत्री र भरपर्दो संयन्त्र विकास गर्न सरकारलाई सुझाव दिएको छ।

बैठकले महिला, बालबालिका, ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरू विपद्मा सर्वाधिक जोखिममा पर्ने पक्षलाई मनन गर्दै तीनको उद्धार, राहत र व्यवस्थापनमा प्राथमिकता दिन आग्रह गरेको छ।

नेपालले भोगिरहेका यस्ता 'हानि-नोक्सानी'का विषयलाई अन्तरराष्ट्रिय मञ्चमा सशक्त रूपमा उठाउँदै जलवायु न्यायको सिद्धान्तअनुरूप अन्तरराष्ट्रिय समुदाय र बहुपक्षीय विकास साझेदारलाई दायित्व बोध गराउन पनि सरकारलाई आग्रह गरेको छ।

बैठकले अकल्पनीय क्षतिपछिको उद्धार, राहत, पुनःस्थापना तथा पुनर्निर्माणमा आवश्यक मानवीय, प्राविधिक तथा आर्थिक सहयोग उपलब्ध गराउन संयुक्त राष्ट्रसङ्घ, विकास साझेदार निकाय, अन्तरराष्ट्रिय गैरसरकारी संस्था, मित्रराष्ट्र तथा प्रवासी नेपाली समुदाय लगायतलाई अपिल गरेको छ। बैठकले दीर्घकालीन समाधानका लागि 'उच्चस्तरीय सर्वदलीय संयन्त्र' गठन गरेको छ।

रास्वपाको आह्वानमा बिहीबार बसेको सर्वदलीय बैठकमा राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने, नेपाली कांग्रेसका सभापति गगनकुमार थापा, नेपाली कम्युनिष्ट पार्टीका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड', नेकपा एमालेका महासचिव शङ्कर पोखरेल, श्रम संस्कृति पार्टीका प्रतिनिधि ध्रुव राई, राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्र लिङ्देन, जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवलगायतको सहभागिता थियो।

# भारतले दोस्रो चरणमा पठायो ३७.६ टन राहत सामग्री

काठमाडौँ, ११ भदौ (रासस)।

भारत सरकारले रसुवाका बाढीपीडितका लागि दोस्रो चरणको मानवीय सहायता तथा विपद् राहत पठाउने भएको छ। भारतीय विदेशमन्त्री डा एस जयशङ्करले बिहीबार बिहान ३७ दशमलव पाँच टन सामग्री नेपाल पठाइएको सामाजिक

*बाँकी तीन पृष्ठमा*

# भोटेकोशी बाढीः उद्धार, उपचार, राहत र पुनःस्थापनाका निम्ति १२ टोली परिचालन

काठमाडौँ, ११ भदौ (रासस)।

सरकारले बाढी प्रभावितको उद्धार, खोज तथा राहतका लागि १२ वटा टोली गठन गरेको छ। राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले ती टोली गठन गरी सम्पर्क व्यक्ति (फोकल पर्सन)समेत तोकेको जनाएको छ।

प्राधिकरणका अनुसार सूचना तथा सञ्चार मन्त्रालयका सहसचिव गौरव गिरीको संयोजकत्वमा इमर्जेन्सी कम्युनिकेशन रेस्टोरेसन टिम गठन गरिएको छ। टिममा नेपाल दूरसञ्चार प्राधिकरणका विनोद श्रेष्ठ, नेपाल टेलिकमका मुनिष आचार्य, एनसेलका अश्विनराज जोशी, नेपाली सेनाका सविनप्रताप केसी तथा नेपाल प्रहरीका एसपी गोविन्द पुरी र सविन वाग्ले हुनुहुन्छ। यो टिमले सञ्चार सेवा नभएका ठाउँ पहिचान गरी तत्काल सञ्चार सञ्चालनको व्यवस्था मिलाउनेछ। साथै भिस्याटको व्यवस्थापन तथा आवश्यक सामग्री आपूर्तिमा समग्र समन्वय गर्नेछ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सहसचिव मोहन शाक्यको संयोजकत्वमा विद्युत् पुनःस्थापना तथा ब्याकअप पावर टिम गठन गरिएको छ। टिममा नेपाल विद्युत् प्राधिकरणका मुनिन्द्र ठाकुर, नेपाल आयल निगमका राजकुमार केसी, नेपाल प्रहरीका कमल बेलबासे र गृह मन्त्रालयकी रिनु थपलिया हुनुहुन्छ। यो टिमले विद्युत् आपूर्ति नभएका स्थान पहिचान गरी तत्काल विद्युत् सेवा सञ्चालनको व्यवस्था मिलाउनेछ। अन्तरिम व्यवस्थाका लागि डिजेललगायत आवश्यक सामग्रीको व्यवस्था गर्नुका साथै पोर्टेबल जेनेरेटर आपूर्तिको आवश्यक व्यवस्थापन र समग्र समन्वय गर्नेछ।

सर्च, रेस्क्यु एन्ड इभ्याकुएसन टिममा नेपाली सेनाका रञ्जित थापा, शीतल बानिया र जगदीश खड्का, नेपाल प्रहरीका डिआईजी सुदर्शन कोइराला र एसएसपी गोपालचन्द्र भट्टराई, सशस्त्र प्रहरीका एसपी जीवन केसी तथा गृह मन्त्रालयकी सन्दीपा खड्का हुनुहुन्छ। यो टिमले प्रभावित क्षेत्रमा निरन्तर खोज तथा उद्धार कार्य गर्नेछ। हेलिकप्टरमार्फत उद्धारका लागि डिडिएमसीसँग नियमित समन्वय गर्नेछ।

स्वास्थ्य मन्त्रालयका सहसचिव डा हेमन्तचन्द्र ओझाको संयोजकत्वमा इमर्जेन्सी हेल्थ एन्ड मेडिकल रेस्पोन्स टिम गठन गरिएको छ। टिममा नेपाली सेनाका प्रसे डा नवीन फुयाल र गृह मन्त्रालयका सौरभ बस्याल हुनुहुन्छ। यो टिमले घाइतेको प्रभावकारी उपचारका लागि डेडिकेटेड अस्पताल तोकी आवश्यक व्यवस्था गर्नेछ। साथै इमर्जेन्सी हेल्थ म्यानेजमेन्ट सिस्टम सक्रिय गरी उद्धार गरिएका व्यक्तिको तत्काल उपचारको व्यवस्था गर्ने र समग्र समन्वय गर्नेछ।

स्वास्थ्य मन्त्रालयका डा समीर अधिकारीको संयोजकत्वमा शव व्यवस्थापन टिम गठन गरिएको छ। टिममा नेपाल प्रहरीका योगबहादुर पाल, सशस्त्र प्रहरीका एसपी देवराज अर्याल, गृह मन्त्रालयका अर्जुन सुवेदी, परराष्ट्र मन्त्रालयका रामविनय राय तथा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयकी सविता कार्की हुनुहुन्छ। यो टिमले मृतकको पहिचान तथा व्यवस्थापनका लागि अस्पताल तोकी आवश्यक समन्वय गर्नेछ। साथै मृतकको पहिचान, व्यवस्थापन तथा अभिलेखीकरण गर्ने र समग्र समन्वय गर्नेछ।

अर्थ मन्त्रालयका सहसचिव अमृत लम्सालको संयोजकत्वमा इन्टरनेसनल असिस्टेन्स एन्ड डोनर कोअर्डिनेसन टिम गठन गरिएको छ। टिममा परराष्ट्र मन्त्रालयका सहसचिव कौशल किशोर राय, समाज कल्याण परिषद्की प्रतीक्षा मिश्र, नेपाली सेनाका कमल बानिया तथा गृह मन्त्रालयका समीर भण्डारी हुनुहुन्छ। यो टिमले सहयोगका लागि दातृराष्ट्र तथा विकास साझेदारसँग समन्वय र पहल गर्नेछ। साझेदार संघसंस्थालाई सहायता परिचालनमा आवश्यक सहजीकरण गर्नुका साथै सैन्य सहायता परिचालन, अनुगमन तथा सहजीकरण र अन्तरमन्त्रालय तथा निकायबीच समन्वय गर्नेछ।

पूर्वाधार विकास मन्त्रालयका सहसचिव दिलीप भण्डारीको संयोजकत्वमा यातायात तथा सडक अन्तरआबद्धता टिम गठन गरिएको छ। टिममा सडक विभागका प्रदीप भण्डारी, नेपाली सेनाका सविन प्रताप केसी, सडक बोर्डका गणेशबहादुर केसी, यातायात व्यवसायी महासङ्घका सरोज सिटौला, नेपाल प्रहरीका हविन्द्र बोटगी र गृह मन्त्रालयका जगदीश विष्ट हुनुहुन्छ। यो टिमले तत्काल बेलिब्रिज व्यवस्थापन गर्ने, अवरुद्ध सडक सञ्चालन गर्ने तथा नियमित यातायात सञ्चालनका लागि समन्वय र सहजीकरण गर्नेछ। साथै ट्राफिक व्यवस्थापनका लागि आवश्यक सहजीकरण गर्नेछ।

र्‍यापिड ड्यामेज एन्ड निड्स असेसमेन्ट टिममा राष्ट्रिय योजना आयोगका सहसचिव अर्जुन भण्डारी, गृह मन्त्रालयका सीडीई सुशीलकुमार श्रेष्ठ तथा दिलीप पञ्जानी र तथ्याङ्क विभागका ढुण्डिराज लामिछाने हुनुहुन्छ। यो टिमले बाढीबाट भएको क्षतिको आकलन तथा आवश्यकताको पहिचानका लागि नेतृत्व गर्नेछ। क्षति आकलनका लागि प्राविधिक जनशक्ति खटाउने र अन्तरमन्त्रालय समन्वय गर्नेछ।

गृह मन्त्रालयका लोकेन्द्र अधिकारीको संयोजकत्वमा बेपत्ता व्यक्ति र परिवार सहायता टिम गठन गरिएको छ। टिममा नेपाल प्रहरीका डीएसपी अञ्जना श्रेष्ठ, सशस्त्र प्रहरी बलका डीएसपी भीमसेन बोहरा तथा नेपाली सेनाका ज्योति थापा, प्रविन घिमिरे र प्रसे प्राजु बस्नेत हुनुहुन्छ। यो टिमले हराएका मानिसको खोज तथा उद्धार कार्यलाई तीव्रता दिनेछ। सुरक्षा निकायको प्रभावकारी परिचालन गर्ने, डीईओसीमार्फत नियमित समन्वय गर्ने तथा अन्तरमन्त्रालय समन्वय गर्नेछ।

गृह मन्त्रालयका डीएसपी पुरुषोत्तम भण्डारी र शाखा अधिकृत निरञ्जन प्रकाश निरौलाको संयोजकत्वमा राहत (खाद्य, पानी तथा अत्यावश्यक सामग्री) टिम गठन गरिएको छ। टिममा स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयका दयाकृष्ण पन्त हुनुहुन्छ। यो टिमले लजिस्टिक क्लस्टरलाई क्रियाशील बनाई अत्यावश्यक तथा गैरखाद्य सामग्रीको आपूर्ति गर्नेछ। साथै फुड क्लस्टर सक्रिय गरी रेडी-टु-इटलगायत अन्य खाद्य सामग्रीको व्यवस्था तथा आपूर्ति गर्नेछ।

विमानस्थल संयोजन टिममा नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक मुकेश डंगोल, नेपाली सेनाका जगदीश खड्का, नेपाल प्रहरीका राजकुमार सिलवाल, एनआइडीका नरेश भाट, निजी वायुसेवा कम्पनीका मिङ्मा शेर्पा तथा गृह मन्त्रालयकी प्रतिभा चालिसे हुनुहुन्छ। यो टिमले सहज हेलिकप्टर उद्धारका लागि उडान अनुमति तथा त्यसका लागि प्रभावकारी समन्वय गर्नेछ। उद्धारका लागि हेलिकप्टर परिचालनको समग्र जिम्मेवारीसहित नेतृत्व प्रदान गर्ने तथा नेपाली सेना र सम्बन्धित जिल्ला सुरक्षा समितिसँगको समन्वयमा हेलिकप्टर परिचालन गर्नेछ। साथै उद्धारका लागि अन्तरमन्त्रालय समन्वय गर्नेछ।

सकुशल उद्धार गरिएका, बेपत्ता तथा मृतकको नाम सार्वजनिक गर्ने टिममा गृह मन्त्रालयका फणिन्द्र पौडेल तथा नुवाकोट र रसुवाका सहायक प्रमुख जिल्ला अधिकारीहरू हुनुहुन्छ। यो टिमले सकुशल उद्धार गरिएका, बेपत्ता तथा मृतकको नाम सार्वजनिक गर्नेछ।

# भोटेकोशी र त्रिशूली नदी करिडोरका जलविद्युत् आयोजना क्षतिग्रस्त

त्रिशूली (नुवाकोट), ११ भदौ (रासस)।

भोटेकोशी नदीमा आएको बाढीले नुवाकोट र रसुवास्थित त्रिशूली नदी करिडोरमा निर्माण भएका तथा निर्माणाधीन जलविद्युत् आयोजनाहरुमा अपूरणीय क्षति पुऱ्याएको छ। जलविद्युत् आयोजनासहित प्रसारण लाइन र सबस्टेशनमा क्षति पुगेका छ। नुवाकोट र रसुवामा विद्युत् सेवा अवरुद्ध भएको छ।

नेपाल विद्युत् प्राधिकरणका निर्देशक थर्कबहादुर थापाले बाढीले क्षतिग्रस्त प्रसारण लाइन मर्मत गर्न अध्ययन थालिएको र केही दिन लाग्ने जानकारी दिनुभयो। नुवाकोटमा उत्पादित विद्युत् काठमाडौँ पठाइएको किस्पाङ-५ पैरेबेँसीस्थित सबस्टेशन, त्रिशूली जलविद्युत् केन्द्र र देवीघाट जलविद्युत् केन्द्रलाई बाढीले बगाएका कारण केन्द्रीय प्रसारण लाइनको विद्युत् सेवा निरन्तरताका लागि बिहीबारदेखि प्राविधिक अध्ययन सुरु गर्न लागिएको उहाँले जानकारी दिनुभयो।

बाढीका कारण क्षतिग्रस्त भएका जलविद्युत् केन्द्रमा रसुवास्थित रसुवागढी जलविद्युत् केन्द्र १११ मेगावाट, लाङटाङ खोला २० मेगावाट, लाङटाङ-भोटेकोशी १२० मेगावाट, चिलिमे २२ मेगावाट, निर्माणाधीन अपर त्रिशूली-१ जलविद्युत् आयोना २१६ मेगावाट छन्।

यस्तै, नुवाकोटस्थित माथिल्लो त्रिशूली थ्री 'ए' ६० मेगावाट, निर्माणाधीन माथिल्लो त्रिशूली थ्री 'बी' ३७ मेगावाट, त्रिशूली जलविद्युत् केन्द्र २१ मेगावाट, देवीघाट १४ मेगावाट र नेपाल विद्युत् प्राधिकरणले निर्माण गरेको २५ मेगावाटको सौर्यप्लान्टमा क्षति पुगेको छ। ती संरचनाको अधिकांश पूर्ण क्षतिग्रस्त अवस्थामा रहेकाले सञ्चालनमा ल्याउन समय लाग्ने निर्देशक थापाले जानकारी दिनुभयो।

# १ सय ६५ जनाको शव फेला, ५ सय ७९ यात्रु बेपत्ता

काठमाडौँ, ११ भदौ (रासस)।

रसुवास्थित भोटेकोशी तथा त्रिशूली नदीमा आएको बाढीबाट प्रभावित क्षेत्रमा हालसम्म १६५ जनाको शव फेला परेको छ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणअनुसार, धादिङमा २७, नुवाकोटमा १२, रसुवामा दुई, गोरखामा २०, नवलपरासी पूर्वमा २६, तनहुँमा नौ, चितवनमा ६४, नवलपरासी पश्चिममा पाँच वटा शव पेला परेको छ।

प्राधिकरणका प्रवक्ता शान्ति महतले बाढी प्रभावित क्षेत्रमा कार्यरत नेपाली सेनाका ४४ जना, विभिन्न प्रहरीचौकीमा कार्यरत २८ जना नेपाल प्रहरी तथा सशस्त्र प्रहरी बल नेपालका १३ जना सुरक्षाकर्मी सम्पर्कविहीन भएको जानकारी दिनुभयो।

बाढी प्रभावित रसुवाको टिमुरेबाट हवाई उद्धार १२३ जनामध्ये ९४ जना नेपाली र २९ जना विदेशी नागरिक रहेको प्राधिकरणले जनाएको छ। यसैबीच, नेपाल पर्यटन बोर्डका अनुसार प्रभावित क्षेत्रबाट प्रारम्भिक विवरणमा ४६६ जना विदेशी र ११३ जना नेपाली यात्रु बेपत्ता भएका छन्।

"बाढीका कारण ३५ वटा मोटरेबल पुल, ४५ वटा झोलुङ्गे पुल र करिब ४० किलोमिटर सडकमा क्षति पुगेको छ", प्रवक्ता महतले भन्नुभयो, "बाढीबाट भएको मानवीय तथा भौतिक क्षतिको विस्तृत विवरण सङ्कलन गर्ने काम जारी रहेको छ। प्रभावित क्षेत्रमा खोज तथा उद्धार कार्यलाई निरन्तरता दिइएको छ।"

*भारतले दोस्रो ...*

सञ्जालमार्फत जानकारी दिनुभएको छ।

"भारत नेपालका अधिकारीहरुसँग नियमित सम्पर्कमा छ, हामी विपद् सहायतामा सहयोगका लागि कटिबद्ध छौँ", उहाँले भन्नुभएको छ।

भारत सरकारले यसअघि रसुवाका बाढी प्रभावितका लागि बुधबार राति १० टन राहत सामग्री नेपाल पठाएको थियो। बाढीपीडितका लागि मानवीय सहायता, विपद् राहत, खाद्यान्न र आवश्यक औषधि नेपाल पठाइएको उहाँको भनाइ छ।

## विश्व समाचार

### तिब्बतमा बाढीपछि ५५८ जना बेपत्ता

बेइजिङ, ११ भदौ (रासस/एएफपी)।

चीन-नेपाल सीमामा पर्ने तिब्बतमा भारी वर्षापछि आएको बाढी र पहिरोमा परी तीन जनाको मृत्यु भएको छ भने ५५८ जना अझै बेपत्ता रहेको चिनियाँ सरकारी सञ्चारमाध्यमले जनाएको छ। बेपत्तामध्ये २६० जना विदेशी नागरिक रहेको बताइएको छ।

बुधबार बिहान सीमावर्ती क्षेत्रमा माटो र भग्नावशेष भवनमाथि खसेपछि एक हजारभन्दा बढी उद्धारकर्मीले खोजी तथा उद्धार कार्य जारी राखेका छन्। उद्धारमा खोजी कुकुर र ड्रोन प्रयोग गरिएको छ। निगरानी भिडियोमा धेरै मानिस ज्यान जोगाउन भागिरहेको देखिएको छ।

चीनको अर्धसैनिक पिपुल्स आर्म्ड पुलिसका सदस्य ली किपुले अस्थिर भूभाग र साँघुरा पहाडी सडकका कारण उद्धार कार्यमा कठिनाइ भइरहेको बताउनुभयो। मुख्य प्रकोपस्थलमा ठूला सवारीसाधन र भारी उपकरण पुग्न नसके पनि आसपासका सडक खुला रहेकाले आवश्यक सामग्री पुऱ्याइएको उहाँले जानकारी दिनुभयो।

सरकारी समाचार एजेन्सी सिन्ह्वाका अनुसार सीमा क्षेत्रमा करिब ८०० उद्धारकर्मी र १५० भन्दा बढी सवारीसाधन परिचालन गरिएको छ। अग्निशमन सेवाले खोजी कुकुर, मानिसको उपस्थिति पत्ता लगाउने स्क्यानर र साना डुङ्गासहित ४३१ कर्मचारी खटाएको छ। राहत सामग्री बोकेका नागरिक तथा सैन्य विमानसमेत तिब्बत पुगेका छन्।

रातभर वर्षा भइरहेकाले थप पहिरो र चट्टान खस्ने जोखिम उच्च रहेको अधिकारीहरूले बताएका छन्। यसले उद्धार कार्य थप चुनौतीपूर्ण बन्न सक्ने जनाइएको छ।

तिब्बत स्वायत्त क्षेत्र विदेशी पत्रकारका लागि सीमित पहुँचको क्षेत्र रहँदै आएको छ। विदेशी पत्रकारलाई सामान्यतया चिनियाँ सरकारद्वारा आयोजित भ्रमणमार्फत मात्र त्यहाँ पुग्न अनुमति दिइन्छ।

### इरान वार्तामा हतार छैन : ट्रम्प

वासिङ्टन, ११ भदौ (रासस/एएनआई)।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानसँगको द्वन्द्व अन्त्य गर्न वार्तामा फर्कन तेहरानलाई कुनै निश्चित समयसीमा नतोकिएको बताउनुभएको छ। उहाँले आफू वार्ता पुनः सुरु गर्न हतारमा नरहेको बताउँदै अमेरिकी आर्थिक तथा सैन्य दबाब प्रभावकारी भइरहेको दाबी गर्नुभएको छ।

अल जजिरासँग बुधबार कुरा गर्दै राष्ट्रपति ट्रम्पले इरानलाई वार्तामा फर्कन कति समय दिइएको भन्ने प्रश्नमा आफूले कुनै समयतालिका नबनाएको बताउनुभयो। उहाँले अमेरिकाले 'धेरै ठूलो जित' हासिल गरिरहेको दाबी गर्दै इरानको उच्च मुद्रास्फीति र कमजोर बन्दै गएको अर्थतन्त्रतर्फ सङ्केत गर्नुभयो। सैन्य आक्रमण वा आर्थिक उपायमध्ये कुन प्रभावकारी छ भन्ने प्रश्नमा उहाँले दुवै प्रभावकारी रहेको बताउनुभयो।

यसैबीच, कतारका प्रधानमन्त्री मोहम्मद बिन अब्दुलरहमान बिन जसिम अल थानी बिहीबार तेहरान पुगेर इरानी अधिकारीसँग भेटवार्ता गर्ने कार्यक्रम छ। कतारको विदेश मन्त्रालयका प्रवक्ता माजेद अल अन्सारीका अनुसार उहाँले तनाव घटाउने र वार्ताका लागि अनुकूल वातावरण बनाउने उपायबारे छलफल गर्नुहुनेछ। वार्तामा हर्मुज जलघाँटीमा जहाज आवागमनको स्वतन्त्रता तथा फेब्रुअरी २८ अघिको अवस्थातर्फ फर्किनुपर्ने विषय पनि उठाइनेछ।

अमेरिकाले तेहरानविरुद्ध सैन्य अभियान सुरु गरेको करिब छ महिनापछि कतार र पाकिस्तानको सक्रियतामा तनाव कम गर्ने कूटनीतिक प्रयास अघि बढेको हो। यस क्रममा राष्ट्रपति ट्रम्पले जारी सैन्य कारबाहीमा गम्भीर घाइते भएको भनिएका इरानी सर्वोच्च नेता मोजतबा खामेनी अझै जीवित रहेको आफूलाई विश्वास रहेको बताउनुभएको छ।

यसैबीच, अमेरिकी विदेशमन्त्री मार्को रुबियोले सहयोगी मुलुकका विदेशमन्त्रीहरूलाई वासिङ्टन तत्काल इरानविरुद्ध नयाँ सैन्य आक्रमण गर्ने पक्षमा नरहेको जानकारी दिनुभएको छ। अमेरिकी प्रशासनले अहिले नौसैनिक अवरोध र आर्थिक उपायमार्फत दबाब बढाउने रणनीति लिएको बताइएको छ। यद्यपि तेहरानबाट पहिले आक्रमण भएमा सैन्य विकल्प खुला रहने अमेरिकी अधिकारीहरूले बताएका छन्।

अगस्ट २४ मा अमेरिकी अर्थमन्त्री स्कट बेसेन्टले 'अपरेसन इकोनोमिक आउटकास्ट' सुरु गर्ने घोषणा गर्नुभएको थियो। अभियानमार्फत इरानका वित्तीय सम्बन्ध तोड्ने र इरानी शासनलाई सहयोग पुग्ने राजस्व स्रोत रोक्ने उद्देश्य राखिएको बताइएको छ।

कतारको पहल पाकिस्तानी सेना प्रमुख असीम मुनीरको हालैको तेहरान भ्रमणपछि अघि बढेको हो। उहाँले हर्मुजको जलघाँटी पुनः खोल्ने तथा क्षेत्रीय प्रोक्सीमार्फत हुने आक्रमण रोक्ने प्रतिबद्धताको बदलामा नाकाबन्दी र आर्थिक प्रतिबन्ध हटाउने अमेरिकी प्रस्ताव इरानसमक्ष राख्नुभएको बताइएको छ।

कतार र पाकिस्तान अमेरिका-इरान द्वन्द्व कम गर्ने प्रयासमा प्रमुख मध्यस्थकर्ताका रूपमा सक्रिय छन्। शुक्रबार अगस्ट २८ मा अमेरिकी सैन्य अभियान सुरु भएको छ महिना पुग्दैछ। यसअघि राष्ट्रपति ट्रम्पले द्वन्द्व चारदेखि छ हप्तामात्र चल्ने बताउनुभएको थियो।

गत जुनमा अमेरिका र इरानले हर्मुज हुँदै पारवहन, इरानमाथिका प्रतिबन्ध हटाउने तथा तेहरानको आणविक कार्यक्रमबारे वार्तासहितका विषयमा ६० दिने समझदारी गरेका थिए। उक्त समझदारी यसै महिनाको सुरुमा समाप्त भएको थियो।

# बाढी प्रभावित क्षेत्रबाट १२३ जनाको हवाई उद्धार

काठमाडौँ, ११ भदौ (रासस)।

नेपाली सेनाले रसुवाको भोटेकोशी नदीमा आएको बाढीका कारण घाइते तथा जोखिममा परेकामध्ये बिहीबार बिहान १२३ जनाको हवाई उद्धार गरेको छ।

सेनाका अनुसार रसुवाको टिमुरे क्षेत्रबाट ९५ जनाको सकुशल उद्धार गरिएको छ। तीमध्ये आठ विदेशी रहेका छन्। उनीहरूमध्ये विदेशीलाई हेलिकप्टरमार्फत काठमाडौँ ल्याउने तयारी भइरहेको छ भने बाँकीलाई धुन्चे ल्याउने तयारी भइरहेको छ।

त्यसैगरी, रसुवाको हाकुस्थित जलविद्युत् आयोजनाको टनेलमा फसेका सात जनाको जीवितै उद्धार गरिएको छ भने अन्य तीन वटा टनेलमा उद्धार भइरहेको सेनाले जनाएको छ।

सेनाका टिमुरे क्षेत्रमा हराइरहेका २१ जना भारतीय पर्यटकको पनि जीवितै उद्धार गरी काठमाडौँ ल्याउनेक्रम जारी भइरहेको छ।

सरकारले बिहीबार बिहानैदेखि तटीय क्षेत्र तथा प्रभावित इलाकाहरूमा खोजी, उद्धार र राहत कार्यलाई सरकारले थप तीव्रता दिएको छ। जोखिममा परेका नागरिकहरूको सहायताका लागि सेनाले हिजो राति नै आवश्यक खाद्यसामग्री, टेन्ट र औषधिजस्ता राहत सामग्रीहरू प्रभावित क्षेत्रमा पुर्‍याइसकेको छ।

उद्धार तथा खोजी कार्यमा सुरक्षा निकायका साथै निजी क्षेत्रको पनि महत्त्वपूर्ण सहयोग र सहकार्य रहेको छ। बुधवार बाढी आउनासाथ नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीको टोलीसहित सेना र निजी क्षेत्रका हेलिकप्टर परिचालन गरी उद्धार कार्य सुरु गरिएको थियो। सेनाको टोलीले रातभरि जमिनी (स्थलमार्गबाट) उद्धार कार्यलाई निरन्तर जारी राखेको थियो।

बिहीबार बिहानैदेखि टिमुरे, स्याफ्रुबेंसी र नदी तटीय क्षेत्रमा नेपाली सेना र निजी क्षेत्रका हेलिकप्टरका साथै पैदल टोलीलाई अझ सक्रिय बनाएर फसेकाहरूको उद्धार तथा बेपत्ताहरूको खोजी कार्य तीव्र पारिएको छ। सरकारले नदी किनाराका बासिन्दालाई उच्च सतर्कता अपनाउन आग्रह गर्दै सम्पूर्ण संयन्त्रलाई राहत र उद्धारमा केन्द्रित गरेको छ।

# प्रभावितको यथाशीघ्र उद्धारका लागि राज्यका सम्पूर्ण संयन्त्र परिचालित छन् : प्रधानमन्त्री

काठमाडौँ, ११ भदौ (रासस)।

प्रधानमन्त्री बालेन्द्र शाहले बाढी प्रभावितहरुको यथाशीघ्र उद्धारका लागि राज्यको सम्पूर्ण संयन्त्र परिचालित रहेको बताउनुभएको छ।

बिहीबार सामाजिक सञ्जालमार्फत उहाँले देशले अकल्पनीय रूपमा भोगिरहेको यस विपत्तिको घडीमा सरकार यथाशीघ्र र यथाशक्य उद्धार तथा राहतको कार्यमा जुटिरहेको उल्लेख गर्नुभयो। सिङ्गो देश, विश्वभरका नेपालीहरू र अन्तर्राष्ट्रिय समुदायसमेतको सहयोग र सहकार्यमा यस विपत्तिको घडीको मिलेर सामना गर्ने उहाँको भनाइ छ।

"बिहीबार बिहानै ६:३० बजेदेखि उद्धारका लागि उडानहरू सुरु भइसकेका छन्। बिहानदेखि यति बेलासम्म १५ भन्दा बढी उडानहरू भइसकेका छन् र थप हेलिकोप्टरहरू उडानका लागि तयारी अवस्थामा राखिएका छन्", उहाँले भन्नुभयो।

नेपाली सेनाले बिहीबार बिहान सञ्चालन गरेको रेस्क्यु अपरेशनमार्फत रसुवाको टिमुरेबाट ९५ जना, २१ जना भारतीय नागरिक र हाकुस्थित टनेलबाट ७ जना नेपाली नागरिकलाई समेत सफलतापूर्वक उद्धार गरिएको छ।

"प्रभावित क्षेत्रमा अत्यावश्यक सहयोग सामग्रीहरू द्रुत रूपमा पुऱ्याउने काम भइरहेको छ। प्रभावित स्थलहरूमा अत्यावश्यक सहयोग सामग्रीहरूसहित जेनेरेटर, पोर्टेबल मोबाइल टावर, मेडिकल सामग्री, टेन्ट, फलाम-ढुङ्गा काट्ने मेसिन आदि पुऱ्याइँदैछ", उहाँले भन्नुभएको छ, "छिट्टै विपद् प्रभावित क्षेत्रमा मोबाइल नेटवर्क तथा मोबाइल चार्जिङको अस्थायी व्यवस्था हुनेछ, जसले सम्पर्क स्थापित गर्न सहयोग पुऱ्याउनेछ। नुवाकोटमा अस्थायी शिविर तयार गरिसकिएको छ। खाना तथा पानीको व्यवस्था गरिएको छ।

उहाँका अनुसार ड्रोन सर्वेबाट सबै ठाउँको जानकारी सङ्कलन अन्तिम चरणमा छ। यसले चुस्तदुरुस्त उद्धार तथा राहतका लागि सहयोग पुग्नेछ। "उद्धारको क्रममा हेलिकोप्टरमा सुरुमा सिकिस्त, वृद्ध, महिला र बालबालिकालाई प्राथमिकता दिइनेछ। सम्पूर्णमा धैर्य तथा संयम राखी उद्धार तथा राहतको प्रतीक्षा गर्नुहुन र यो विपद्को सामना गर्न अनुरोध छ।

आशा र विश्वासका साथ हामी सबै एक भएर यो विपद्को डटेर सामना गर्नुपर्नेछ", प्रधानमन्त्री शाहले भन्नुभएको छ।

# भोटेकोशी बाढीः खोज तथा उद्धारमा सात हजारभन्दा बढी सुरक्षाकर्मी परिचालन

काठमाडौँ, ११ भदौ (रासस)।

भोटेकोशी बाढी प्रभावित क्षेत्रमा खोज, उद्धार तथा राहत व्यवस्थापनका लागि सात हजार चार सय १५ जना सुरक्षाकर्मी परिचालन भएका छन्।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका उपसचिव रामबहादुर केसीले बाढी प्रभावित क्षेत्रमा नेपाल प्रहरीका तीन हजार तीन सय १८, नेपाली सेनाका दुई हजार तीन सय ५५ र सशस्त्र प्रहरी बल नेपालका एक हजार सात सय ४२ जना सुरक्षाकर्मी परिचालन भएको जानकारी दिनुभएको छ।

बाढी प्रभावित क्षेत्रमा हालसम्म दुई सय ३९ वटा हेलिकोप्टर उडानमार्फत खोज तथा उद्धार कार्य गरिएको पाधिकरणले जनाएको छ। त्यसमध्ये नेपाली सेनामार्फत दुई सय ११ वटा र निजी क्षेत्रका हेलिकोप्टरबाट २८ जानाको उद्धार भएको छ।

प्रभावित क्षेत्रमा खोज तथा उद्धारसँगै राहत व्यवस्थापनको कार्य निरन्तर भइरहेको प्राधिकरणले जनाएको छ।

तिब्बततर्फबाट भोटेकोशी नदी हुँदै आएको उक्त बाढी रसुवागढी, टिमुरे र स्याफ्रुबेंसी हुँदै त्रिशूली नदीमा प्रवेश गरेपछि रसुवा, नुवाकोट, धादिङ, गोरखा र चितवन जिल्लाका त्रिशूली नदी तटीय क्षेत्रमा गम्भीर जोखिमसिर्जना भएको प्राधिकरणले जनाएको छ। बाढीका कारण तटीय क्षेत्रका विभिन्न स्थानमा जनधनको क्षति भएको छ।

विपदपछि खोज तथा उद्धार कार्यलाई तीव्र बनाउन रसुवा र नुवाकोटमा नेपाली सेना तथा निजी क्षेत्रका हेलिकोप्टर परिचालन गरिएको छ। घाइतेको उपचारका लागि नुवाकोट जिल्ला अस्पतालमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, राष्ट्रिय ट्रमा सेन्टर, वीर अस्पताल तथा त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालका चिकित्सकसहितका स्वास्थ्य टोली परिचालन भएका छन्।

बाढी प्रभावितका लागि नेपाली सेनाका ब्यारेकमा अस्थायी आवास, भोजन, खानेपानी तथा औषधिको व्यवस्था गरिएको छ।

# ६ देशका ४५ विदेशीसहित ३३६ जनाको हवाई उद्धार

काठमाडौँ, १२ भदौ (रासस)।

रसुवामा आएको बाढीका कारण प्रभावित ३३६ जनाको हवाई उद्धार गरिएको छ।

नेपाली सेनाको करिब चार हजार फौजको समन्वयमा घाइतेको खोज तथा उद्धार, आपतकालीन उपचार र राहत वितरणको काम भइरहेको सैनिक प्रवक्ता राजाराम बस्नेतले जानकारी दिनुभयो।

बिहीबार बिहानदेखि रसुवाको टिमुरे, धुन्चे र मैलुङ इलाकाबाट ६ देशका ४५ विदेशीसहित उनीहरुलाई उद्धार गरिएको हो।

## *रसुवामा आएको...*

पदमा कार्यरत जिल्लाको राजगढ गाउँपालिका २ निवासी राजीव कुमार सिंह, त्रिशुली १ हाइड्रोपावरमा इन्जिनियर पदमा कार्यरत सोही पालिका वडा न. ६ निवासी विजय कुमार यादव र क्युसि इन्जिनियरमा कार्यरत राजगढ ६ कै सन्तोष यादव पनि सम्पर्कबिहीन छन्।


यता रसुवा गोसन हाइड्रोपावरमा क्युसि इन्जिनियरमा कार्यरत जिल्लाकै डाक्नेश्वरी नगरपालिका वडा न. ५ निवासी अभिनाश पण्डित, राजविराज नगरपालिका वडा नं. ११ रोशन साह, महादेवा गाउँपालिका वडा नं. २ का २८ वर्षिय देवकुमार इसर, त्रिशुली बजारस्थित जेसि हाइड्रोपावरमा इन्जिनियर पदमा कार्यरत तिरहुत गाउँपालिका वडा नं. ४ डिमन बस्ने ४४ वर्षिय रविन्द्र कुमार यादव र मैलुङ खोला जलविद्युत आयोजनामा इलेक्ट्रिकल इन्जिनयर पदमा कार्यरत सुरुङ्गा नगरपालिका वडा नं. २ का २३ वर्षिय सरोज चौधरी पनि सम्पर्कबिहीन रहेको सुरुङ्गा नगरपालिकाका नगरप्रमुख गिता चौधरीले जानकारी दिएकी छिन्।

यस्तै शम्भुनाथ नगरपालिका वडा नं. ८ का साजन चौधरी र अमरकान्त चौधरी, सहायक इन्जिनियर वडा नं. ६ का ओम प्रकाश चौधरी, इलेक्ट्रिसियन वडा नं. ४ प्रेम सागर चौधरी र पिताम्बर दास, वडा नं. ३ रमेश चौधरी र दिपेन्द्र चौधरी पनि सम्पर्कबिहीन छन्।

## *तिलाठीका पाँच ...*

गाउँपालिकाका अध्यक्ष अरुण कुमार मण्डलले विध्वंशकारी बाढीको चपेटमा परि ज्यान गुमाउनु भएकाहरुप्रति हार्दिक श्रद्धाञ्जली प्रकट गर्दै घाइतेहरुको शिघ्र स्वास्थ्य लाभको कामना गरेका छन्।

यस विनाशकारी बाढीबाट प्रभावित भएकाहरुको राहत, उद्धार तथा पुनर्स्थापनाका लागि सबै पक्ष आआफ्नो ठाउँबाट लाग्नुपर्ने अहिलेको आवश्यकता भएको बताउँदै बाढीका कारण हराइरहेका तथा सम्पर्कविहिन भएकाहरुको खोजीकार्यमा समेत सबै पक्षलाई सहयोग गर्न अनुरोध समेत गरेका छन्।



नेपाल सरकार
कृषि भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
भुमि सुधार तथा मालपोत कार्यालय, राजविराज
भूमि प्रशासन कार्यालय सप्तरी

चलानी नं. ३२१
पत्र संख्या :
प्राप्त पत्र संख्या र मिति:

मिति: २०८३।०४।१८

विषय नामसारी ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना।

...........दर्ता रहेको साविक ........... मोजा रैन........हाल तपसिल बमोजिम नापी भएको जग्गा ....म निवेदक को नाममा नामसारी.... गरी प्रमाण पुर्जा पाउ भन्ने हाल देश भारत, बिहार, सुपौल, गुदवडवारी-८ गा.वि.स./न.पा. ...कोठवरसाइन वार्ड नं. ५ ...बस्ने श्री ...सुनिल कुमार सिंह... को द .नं.४६३९५ मिति २०८४।१।४।२४ .......मा निवेदन परी हकदावी सार्वजनिक सुचना प्रकाशित गर्न मिति २०८३।०४।०६ मा आदेश भए अनुरुप यो ....३५.....दिने सुचना प्रकाशित गरिएको छ। तपसिलमा उल्लेखित जग्गामा निवेदक वाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नामा जग्गा दर्ता नामसारी नाम थर वतन संशोधन गर्दा कसेको हक जाने छ भने सुचना प्रकासित भएको मितिले ....३५......दिन भित्रमा सप्रमाण यस कार्यालयमा आई उजुरो गर्नु होला। म्याद भित्र कसैको दावीउजुरी पर्न नआएमा निवेदकको माँग दावी वमोजिम...निवेदक को नाममा नामसारी गर्न तर्फ कानुन बमोजिम कार्यवाही भै जानेछ। यस सम्बन्धमा पछि कहि पनि उजुरो दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ।

तपसिल

| गा.वि.स./न.पा. | वार्ड नं. | कि.न. | क्षेत्रफल | साविक दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|
| फुटकी | ४ख | ३१ | ०-२-० | राणा प्रताप सिंह नाउँदर्ताको उक्त जग्गा हाल देश भारत बिहार राज्य, जिल्ला सुपौल पंचायत गुदवडवारी वडा नं ८ बस्ने निजको छोरा सुनिल कुमार सिंहको नामसारी माग निवेदन रहेकोमा हकदावी लाग्ने भए म्यादभित्र उजुरी दिनु हुन सुचना प्रकाशन गरेको। | |
| ११ | ६ | १६५ | ०-२-० | | |
| ११ | ६ | ३३६ | ०-४-४ | | |


## प्रविधिको प्रयोग व्यवस्थित गरौं

- प्रविधिको प्रयोगलाई आवश्यक र उद्देश्यपूर्ण बनाऔं,
- परिवार र साथीभाइसँग प्रत्यक्ष संवाद र समय बिताउने बानी बसालौं,
- सामाजिक सञ्जालको जिम्मेवारीपूर्ण र मर्यादित प्रयोग गरौं,
- पारिवारिक र सामाजिक सम्बन्धलाई प्राथमिकता दिऔं,
- डिजिटल उपकरणको अत्यधिक प्रयोगबाट हुने नकारात्मक असरप्रति सचेत बनौं,
- बालबालिकालाई सुरक्षित, सन्तुलित र सिर्जनात्मक प्रविधि प्रयोगमा अभिप्रेरित गरौं,
- व्यक्तिगत गोपनीयता र साइबर सुरक्षामा विशेष ध्यान दिऔं,
- प्रविधिलाई मानव सम्बन्ध, शिक्षा, सेवा र विकासको सशक्त माध्यमका रूपमा प्रयोग गरौं।

प्रविधिको सही प्रयोग गरौं, मानविय सम्बन्ध बलियो बनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड


**प्रकाशक/सहसम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **लेआउट** : संजय शंखर
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*